नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

पत्र सं.:- ०७९/८०
चलानी नं.:- २६१

मितिः- २०८०/०३/०४

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. १४२० मिति २०८०/०२/३१ को नियन्त्रण विन्दु स्थापना सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

दर्ता ९३६८ ३/३

संघिय मा.प्र.

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४६३२
दर्ता मिति:- ३/३

सिंहदरबार, काठमाडौं

पत्र संख्याः ३.१/नी.यो./२०७९/८०

च.नं. १४२०

मितिः २०८०/०२/३१

**विषयः नियन्त्रण विन्दु स्थापना सम्बन्धमा ।**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री शहरी विकास मन्त्रालय , सिंहदरबार, काठमाडौं।
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय , सिंहदरबार, काठमाडौं।
श्री खानेपानी मन्त्रालय , सिंहदरबार, काठमाडौं।
श्री कृषि-तथा-पशुपन्छी-विकास-मन्त्रालय, , सिंहदरबार, काठमाडौं।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री स्थानीय तह समन्वय शाखा, ३/३

प्रस्तुत विषयमा नापी विभागको च. नं. ५३६, मिति २०८०/२/२१ को पत्रबाट यस विषयमा नापी विभागले स्थापना गरेका नियन्त्रण विन्दुको प्रयोग गरी नाप नक्सा गर्नुपर्नेमा कतिपय स्थानीय तहहरुले आफुले नै नियन्त्रण विन्दुहरु स्थापना गरिरहेको भनी विभिन्न संचार माध्यम तथा सामाजिक सञ्जालमा आएका समाचार/सूचना प्रति नापी विभाजको गम्भिर ध्यानाकर्षण भएको छ।

राष्ट्रिय नापनक्सा निकायको रुपमा रहेको यस विभागलाई नापनक्साको आधारभूत नियन्त्रण विन्दु र सञ्जाल निर्माण गर्नेसमेतका क्षेत्रधिकार रहेको र थप नियन्त्रण विन्दु स्थापना गर्दा नियन्त्रण विन्दुहरुको राष्ट्रिय सञ्जाल आधारित र आवद्ध हुने गरी स्थापना गर्नुपर्ने हुन्छ। नापनक्सा तथा पूर्वाधार विकाशका कार्यहरुमा नियन्त्रण विन्दुको महत्त्वपूर्ण भूमिका रहेको हुँदा उक्त कार्य संवेदनशील हुने र अनधिकृत तवरबाट राष्ट्रिय सञ्जालमा आवद्ध नगरी स्थापना भएका नियन्त्रण विन्दुको प्रयोग गरी नापनक्सा, डिजाइन लगायतका कार्य गर्दा आयोजना कार्यान्वयनका क्रममा क्षति समेत हुन सक्ने सम्भावना रहन्छ।

यस विषयमा जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११(घ) ले अन्य निकायहरुलाई नियन्त्रण विन्दु आवश्यक परेमा नापी विभागको सहमती लिई विभागबाट स्थापना भएका नियन्त्रण विन्दुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २५(३) मा समेत सरकारी खर्चमा हुने नाप जाँचको लागि नापी विभागबाट स्पेशिफिकेशन लगायत स्वीकृती गराई मात्र नाप जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। साथै, राष्ट्रिय स्तरको नियन्त्रण विन्दुको सञ्जाल राष्ट्रिय नापनक्सा निकायले मात्रै स्थापना गर्ने अन्तराष्ट्रिय प्रचलन समेत रहेको देखिन्छ। यस सन्दर्भमा कुनै निकायलाई नियन्त्रण विन्दुको आवश्यकता परेमा नापी विभागको सहमती लिई नापी विभागबाट स्थापित नियन्त्रण विन्दुको प्रयोग गर्नुपर्ने भएमा नापी विभागद्वारा तय गरिएको स्पेशिफिकेशन, आधार, मापदण्ड अनुसार गर्न सकिने तर ती नियन्त्रण विन्दुहरु नापी विभागको नियन्त्रण विन्दुहरुलाई आधार मानी

पत्र संख्याः ३.१/नी.यो./२०७९/८०

च.नं.

विस्तार र प्रयोग गर्नुपर्दछ। तसर्थ हाल विभिन्न सरकारी, गैर सरकारी निकाय, स्थानीय तह लगायतबाट आफूखुसी स्थापना र विस्तार भईरहेका भनिएका नियन्त्रण विन्दुहरुको सन्दर्भमा सम्बन्धित निकायहरुलाई यस्ता कार्य नगर्न नगराउन आवश्यक जानकारी गराउने व्यवस्थाका लागि भनी नापी विभागबाट पत्राचार गरेकोले सोही अनुसारको कार्य गर्न गराउनु हुन सम्बन्धित स्थानिय तहमा पत्राचार गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

...............................

अशोक कुमार भुसाल

उप-सचिव